# अनुसन्धान तथा शोधवृत्ति कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

प्रस्तावनाः सिरानचोक गाउँपालिकाको वार्षिक नीति, योजना, कार्यक्रम तथा वजेटलाई कार्यान्वयन गर्न तथा गाउँपालिकाको सामाजिक विकास, आर्थिक विकास, भौतिक पूर्वधार, विज्ञान प्रविधि, सुशासन र व्यवस्थापन लगायत विविध क्षेत्रमा अध्ययन, अनुसन्धान र सोध गर्न गराउनका लागि वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सिरानचोक गाउँपालिकाको गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१)यो कार्यविधिको नाम सिरानचोक गाउँपालिका अनुसन्धान तथा शोधवृत्ति कार्यक्रम कार्यविधि, २०८२ रहेको छ ।

२. यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

३. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क. गाउँपालिका भन्नाले सिरानचोक गाउँपालिका सम्झनु पर्दछ ।

ख. "गाउँ शिक्षा समिति" भन्नाले सिरानचोक गाउँपालिकाको शिक्षा ऐन, २०७५ को दफा ९ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

ग. "प्रमुख प्रशासकीय अधिकृत भन्नाले सिरानचोक गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

घ. "शिक्षक्षा प्रमुख" भन्नाले सिरानचोक गाउँपालिकाको शिक्षा शाखा प्रमुखलाई सम्झनु पर्छ।

ङ. "विश्वविद्यालय भन्नाले उच्च शिक्षाको अध्यापन गराउन नियमानुसार अनुमति प्राप्त नेपाल भित्रका विश्वविद्यालय सम्झनु पर्दछ र सो शब्दले त्यस्ता विश्वविद्यालयहरुका लागि आंगिक वा सम्बन्धन प्राप्त संस्थालाई समेत जनाउँछ ।

च. "शोधवृत्ति" भन्नाले नेपालको कुनै विश्वविद्यालयको पाठ्यक्रमको व्यवस्था बमोजिम अनुसन्धान गरी शोधपत्र पेश गर्ने विद्यार्थीलाई गाउँपालिकाको विकास र समृद्धिका विषयमा अनुसन्धान सहयोग गर्नका लागि प्रदान गरिने प्रोत्साहन रकमलाई सम्झनु पर्दछ ।

छ. वार्षिक संख्या भन्नाले दफा ६ बमोजिम एक आर्थिक वर्षमा शोधवृत्ति दिन भनी तोकिएको संख्यालाई जनाउँछ ।

ज. विद्यार्थी भन्नाले विश्वविद्यालय वा शिक्षण संस्थाहरुमा स्नातक तह वा सो भन्दा माथिल्लो तहमा अध्ययनरत विद्यार्थीलाई जनाउँदछ ।

झ. छनौट समिति भन्नाले दफा ६ बमोजिम गठित समिति वुझ्नुपर्दछ ।

## परिच्छेद-२

### अनुसन्धान तथा शोधवृत्ति कार्यक्रमको उद्देश्य र विषय क्षेत्र

३. अनुसन्धान तथा शोधवृत्ति कार्यक्रमका उद्देश्यः अनुसन्धान तथा शोधवृत्ति कार्यक्रमका उद्देश्यहरु देहाय वमोजिम रहेको छ।

क. गाउँपालिकाकालाई अध्यान कार्यक्षेत्र वनाई पालिकाको प्रकृतिक स्रोत सम्पदा र सम्भावनाहरुसँग परिचित गराउँदै गाउँपालिकाको चिनारी एंव सम्भावनाको उजागर हुनेगरी विकासमा योगदान दिनसक्ने जनशक्ति उत्पादनमा सहयोग पुर्‍याउने।

ख. गाउँपालिका र शैक्षिक संस्थावीच सहकार्यको संस्कृति विकास गरी गाउँपालिकाको विकास र समृद्धिका लागि सहयोगी हुने अनुसन्धान गर्न सहयोग गर्ने।

ग. नेपालका शोध अनुसन्धान गर्ने विद्यार्थीलाई आर्थिक सहायता उपलव्ध गराई व्यवहारिक र प्रत्यक्ष उपयोगी हुन सक्ने अनुसन्धानतर्फ आकर्पित गर्ने ।

४. विषय क्षेत्रहरुः (१) गाउँपालिकाले निम्न विषय क्षेत्रहरुमा अनुसन्धान तथा सोधवृत्ति प्रदान गर्न सक्नेछ :

क. आर्थिक विकास,

ख. सामाजिक विकास,

ग. भौतिक पूर्वधार, प्राकृतिक स्रोत व्यवस्थापन तथा विज्ञान प्रविधि,

घ. सुशासन विकास प्रशासन र व्यवस्थापन ।

(२) उपदफा (१) सँग सम्वन्धित विषयका उपक्षेत्रहरु अनुसूची १ वमोजिम हुनेछन् ।

(३) दफा ६ वमोजिम गठित समितिले उपदफा (१) र (२) वमोजिमका विषय क्षेत्रहरु वाहेकका आवश्यकतामा आधारित अन्य क्षेत्र र उपक्षेत्रहरु पहिचान गरी शोधवृत्ति प्रदान गर्न सक्नेछ।

## परिच्छेद ३

### अनुसन्धान तथा शोधवत्ति कार्यक्रमकका लागि योग्यता. छनौट समिति, छनौट विधि र प्रक्रिया

५. योग्यताः (१) यस कार्यविधि बमोजिम शोधवृत्तिका लागि आवेदन दिन देहाय वमोजिमका विद्यार्थीहरु योग्य हुनेछन्।

क. मान्यताप्राप्त शिक्षण संस्थामा स्नातक वा सो भन्दा माथिल्लो तहमा अध्ययनरत रही शोध अनुसन्धानको सुरुवात गर्न लागेका वा प्रारम्भिक चरणमा रहेका विद्यार्थीहरु,

ख. नेपाली नागरिक,

ग. अव्वल शैक्षिक योग्यता र सोध कार्यका लागि गहिरो अभिरुचि भएको ।

६. शोध प्रस्ताव छनौट समितिः (१) यस कार्यविधि बमोजिम शोधवृत्तिका लागि शोध प्रस्ताव छनौट गर्न देहाय बमोजिमको एक समिति रहनेछ :

| | |
|---|---|
| क. प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| ख. छनौट समितिले आमन्त्रण गरेको सम्बन्धित विषय क्षेत्रको विज्ञ एक जना | सदस्य |
| ग. शिक्षा शाखा प्रमुख | सदस्य सचिव |

(२) समितिले आफ्नो कार्य गर्नका लागि आवश्यकता अनुसारका व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ

(३) समितिले बैठक तथा आफ्नो कार्य सञ्चालन प्रक्रिया आफै बनाउन सक्नेछ ।

७. आवेदन तथा छनौट प्रकृयाः (१) गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेटमा यस बमोजिमको कार्यक्रमका लागि बजेट विनियोजन भएमा दफा ६ बमोजिमको समितिले गाउँपालिकाको वेबसाइट मार्फत सार्वजनिक सूचना प्रकाशित गरी प्रस्ताव आव्हान गर्नेछ ।

(२) उपदफा (२) बमोजिमको सूचना प्रकाशित भए पश्चात् इच्छुक विद्यार्थीले सम्बन्धित तहमा अध्ययनरत रहेको प्रमाण, सम्बन्धित तह वा खण्डका अघिल्ला वर्ष/ सेमेष्टरहरुका लाब्धाङ्क पत्र भएमा सो समेत संलग्न गरी आवेदन पेश गर्न आवेदन पेश गर्नुपर्दछ । विद्यार्थीको ज्ञान दक्षता विशिष्टता एवम् प्रस्तावित अनुसन्धानको लागि उपयुक्तता दर्शाउने थप प्रमाणहरु पेश गर्न सकिनेछ ।

(३) आवेदनको साथमा बढीमा ५ (पाँच) पेजको अनुसन्धान प्रस्ताव (Research Proposal) पेश गर्नु पर्नेछ ।

(४) प्रस्तावमा शीर्षक, परिचय, समस्याको पहिचान, उद्देश्य, अनुसन्धानको स्थान, अनुसन्धान विधि समयसीमा अपेक्षित उपलब्धी जस्ता विषयहरु खुलाउनु पर्दछ ।

(५) आवेदनका साथमा अध्ययनरत शिक्षण संस्थाबाट विद्यार्थीले तोकिएको सुपरीवेक्षकको सुपरीवेक्षणमा तोकिएको विषयमा शोध गर्न लागेको हो भनी सिफारिस गरेको पत्र संलग्न हुनुपर्नेछ। प्रान्तीय रा

(७) आवेदनको साथमा हुन आएका प्रस्तावहरु मध्येबाट छनौट समितिले समितिले तोकिएको वार्षिक संख्यामा शोधवृत्तिका प्रस्तावहरु छनौट गर्नेछ । साथै बढीमा ३ वटा बैकल्पिक प्रस्तावहरुको सूची प्रकाशन गरिनेछ । छनौटमा परेका प्रस्तावसँग सम्झौता हुन नसकेमा वैकल्पिक प्रस्तावहरु मध्येबाट प्राथमिकता क्रमअनुसार अवसर दिन सकिनेछ ।

(८) सूचना गरेको समयमा पर्याप्त प्रस्ताव नपरेमा वा प्राप्त प्रस्तावहरु अनुपयुक्त लागेमा प्रथम छनौट सम्पन्न पश्चात् बाँकी रहेको संख्याका लागि पुनः प्रस्ताव माग गरी छनौट गर्न सकिनेछ ।

(९) शोध प्रस्ताव छनौट गर्ने नगर्ने भन्ने सम्पूर्ण अधिकार छनौट समितिमा रहनेछ ।

(१०) छनौट भए पश्चात् शोधवृत्ति सम्बन्धी सम्झौता गरी कार्यसम्पादन गर्नुपर्नेछ ।

(११) दफा ६ बमोजिमको समितिले एक आर्थिक वर्षमा शोधवृत्ति दिनका लागि कोटा संख्या निर्धारण गर्न सक्नेछ ।

८. शोधवत्तिका लागि सोध छनौटको विधि:(१)शोध प्रस्ताव छनौट गर्दा देहाय बमोजिमका विषयलाई आधार बनाइ हरेक विषयका लागि देहायको अंकभार छुट्याई धार मूल्याङ्कन गरिनेछ

(क) प्रस्तावका विषय तथा गाउँपालिकाका लागि उपयुक्तता २०

(ख) विद्यार्थीको योग्यता तथा विशिष्ट क्षमता १५

(ग) विद्यार्थीको शोधप्रतिको लगाव, शोध पूरा गर्ने सम्भावना १५

(२) प्रस्ताव मूल्याङ्कनको क्रममा आवेदक विद्यार्थीसँग अन्तर्वार्ता लिन तथा सुपरीवेक्षक / शिक्षण संस्था प्रमुखसँग शोधको विषयबारे र आवेदक बारे छलफल गर्न सकिनेछ।

९. शोधवृत्ति प्राप्त गर्ने विद्यार्थीको दायित्वः (१) शोधवृत्तिका लागि छनौट भएपछि शोधकर्ताले तोकिएको ढाँचामा तोकिएको समयावधिभित्र सम्झौता गर्नुपर्नेछ ।

(२) अन्तिम सोधपत्रको बाइन्डिङ गरेको २ (दुई) प्रति र इलेक्ट्रोनिक कपी १ (एक) प्रति तोकिएको समय अवधिभित्र गाउँपालिकाको शिक्षा शाखामा बुझाउनुपर्नेछ ।

१०. शोधवृत्तिको सुविधा तथा प्रदान गर्ने विधि विधिः (१) शोधवृत्ति नपाए पनि विद्यार्थीले आफ्नो शैक्षिक कार्यक्रमअनुसार शोध गर्नुपर्ने नै हुँदा शोधवृत्ति विद्यार्थीलाई उत्प्रेरणा जगाउने सोचका साथ प्रदान गरिने एक किसिमको छात्रवृत्ति वा सहायता हो, पुरै शोधको प्रायोजन होइन ।

(२) विद्यार्थीले अन्य स्रोतबाट अन्य किसिमका वा सुविधा प्राप्त गरेको वा गर्न सक्ने सम्भावनाले यो सोधवृत्ति प्रदान गर्न कुनै बाधा परेको मानिने छैन।

(३)शोधवृत्ति बापतको रकम निम्न अनुसार हुनेछ।

क. स्नातक तह २०००० (विस हजार) सम्म।

ख. स्नातकोत्तर तह३०००० (विस हजार) सम्म।

ग. बिद्यावारिधि तह ५०००० (पचास हजार)

(४) सम्झौता बमोजिमको कूल रकम विद्यार्थीलाई भ्रमण, परीक्षण, नापजाँच, स्टेशनरी र उत्प्रेरणाबापत एकमुष्ठ प्रदान गरिनेछ।

(५) शोधवृत्तिको रकम दफा ९ को उपदफा (२) बमोजिमको प्रकृया पूरा गरे पश्चात् मात्र नियमानुसार भुक्तानी हुनेछ ।

(६) गाउँपालिकासँग भएको सम्झौता विपरीत भएमा शोधवृत्ति दिन गाउँपालिका बाध्य हुने छैन ।

(७) सम्झौता भन्दा अगाडी स्वीकृति भएका शोधकार्यका लागि शोधवृत्तिको रकम भुक्तानी दिइने छैन

११. प्रकाशन र प्रयोग गर्न सक्नेः सक्नेः गाउँपालिकाले शोधवृत्ति प्रदान गरेको शोधलाई आवश्यकता अनुसार प्रकाशन गर्न तथा यसको प्रयोग गर्न सक्नेछ ।

१२. बाधा अड्काउ फुकाउः यस कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा अड्चन आइ परेमा त्यस्तो बाधा अड्चन हटाउने अधिकार गाउँ शिक्षा समितिमा रहनेछ ।

**१३.** संशोधन, परिमार्जन वा खारेजीः यस कार्यविधिमा कुनै संशोधन, परिमार्जन वा खारेजी आवश्यक भएमा त्यस्तो अधिकार गाउँ कार्यपालिकालाई रहनेछ ।

## अनुसूची १

### दफा ४ को उपदफा (२) को व्यवस्था बमोजिमका उपक्षेत्रहरु

१. सडक, पुल, पूर्वधार निर्माण, भवन सिँचाइ लगायत पूर्वधार निर्माण,

२. सतही तथा भूमिगत जलस्रोत,

३. उर्जा विकास र उपयोग,

४. कृषि यान्त्रिकरण, भण्डारण, ढुवानी, , ढुवानी, प्रशोधन र पोषण,

५. पशुपन्छी पालन,

६. वनजङ्गल,

७. वातावरण, जलवायुर चट्याङ,

८. स्वास्थ्य विज्ञान र चिकित्सा,

९. परम्परागत प्रविधि र तिनको आधुनिकीकरण,

१०. नविन प्रविधि र तिनको महागाउँ क्षेत्रमा प्रयोग,

११. नवप्रवर्तन तथा पद्धति र प्रविधिमा सुधार,

१२. प्रविधिको माध्यमवाट पर्यटन प्रवर्धन,

१३. सडक सुरक्षा, आगलागी, चट्याङ, डुबान सुरक्षा आदि,

१४. सुशासन,

१५. भौतिकशास्त्र, जीवविज्ञान, रसायनशास्त्र लगायतका

१६. स्थानीय सरकारको अधिकार क्षेत्रभित्र रहेका अन्य विषयहरु,

१७. शिक्षा, युवा तथा खेलकुद,

१८. सञ्चार तथा सूचना प्रविधि,

१९. मानवशास्त्र तथा समाजशास्त्र

२०. पुरातत्व

२१. भाषा तथा कला साहित्य